नवराजपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा

प. सं. २०८३/०८४
च.न.

सूचना ! सूचना !! सूचना !!!

फर्म तथा निर्माण व्यवसायी/कम्पनी सूचीकृत हुने सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८३/०८/०१

यस नवराजपुर गाउँपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार गाउँपालिकावाट सञ्चालन हुने विभिन्न योजना तथा कार्यक्रमहरूमा आवश्यक पर्ने मालसामान, निर्माण कार्य तथा अन्य सेवा खरिद गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (४) बमोजिम दरभाउ वा प्रस्ताव माग गरी खरिद कार्य गर्नुपर्ने भएकाले यस गाउँपालिकामा आपूर्ति, निर्माण तथा सेवा प्रदान गर्न इच्छुक योग्य तथा इजाजत प्राप्त फर्म, कम्पनी तथा निर्माण व्यवसायीहरूलाई सूचीकृत हुन यो सूचना प्रकाशित गरिएको छ।

इच्छुक फर्म, कम्पनी तथा निर्माण व्यवसायीहरूले देहायका कागजातहरूको प्रतिलिपि संलग्न गरी यस कार्यालयको प्रशासन शाखा वा खरिद इकाईमा निवेदनसहित सूचीकृत हुन आउनुहुन अनुरोध छ।

आवश्यक कागजातहरूः

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. आ.व. २०८२/०८३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा म्याद थप गरेको प्रमाण।
४. चालु आ.व. २०८३/०८४ को व्यवसाय नवीकरण प्रमाणपत्रको प्रतिलिपि।
५. निर्माण व्यवसायीको हकमा निर्माण व्यवसाय इजाजतपत्रको प्रतिलिपि।
६. फर्म/कम्पनीको आधिकारिक छाप तथा सम्पर्क नम्बर।
७. रु. ५००।– (अक्षरेपी पाँच सय रुपैयाँ मात्र) राजस्व दस्तुरको रसिद वा प्रतिलिपि ।
८. सूचीकृत हुन चाहेको कामको प्रकृति (मालसामान आपूर्ति, निर्माण कार्य वा अन्य सेवा) स्पष्ट खुलाइएको निवेदन।

चन्दन यादव
नि. प्रमुख प्रशासकीय अधिकृत
नवराजपुर गाउँपालिका

नि. प्रमुख प्रशासकीय अधिकृत